**तातो हावा "लू"बाट जोगिने उपाय**
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epprateekdaily.com

**जनहितमा जारी सन्देश**

वर्षात् कीरा–फटचाङ्ग्रा, साँप–बिच्छी सलबलाउने समय हो । बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं । सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार ३० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 14 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१२

## 'कालो गुलाफ' कृतिलाई नारायणी वाङ्मय पुरस्कार

प्रस, वीरगंज, २९ असार/

भानुजयन्तीको अवसरमा नारायणी वाङ्मय प्रतिष्ठानले शनिवार गोपाल अश्कद्वारा लिखित 'कालो गुलाफ' कृतिलाई पुरस्कृत गरेको छ ।



वीरगंजमा नारायणी वाङ्मय प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा गोपाल अश्कलाई नगद रु २५ हजार राशिसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । मधेस प्रदेशभरिमा २०८० सालमा प्रकाशित कृतिहरूमध्ये कालो गुलाफ छनोटमा परेको प्रतिष्ठानका अध्यक्ष डा विश्वम्भर शर्माले जानकारी दिए ।

भाषा आयोगका सदस्यसमेत रहेका साहित्यकार गोपाल अश्कले आफ्नो कृतिको कारण आफ्नै जिल्लामा सम्मानित भएकोमा गौरवान्वित महसूस भएको बताए । विगतमा धेरै ठाउँबाट सम्मान पाए पनि पर्सामा गरिएको सम्मानले चुनौती थपिएको उनले बताए ।

कार्यक्रममा वरिष्ठ समालोचक एवं प्राध्यापक केशव रेग्मीले साहित्यिक क्षेत्रमा वीरगंजको योगदान अविस्मरणीय रहेको बताए । भोजपुरीभाषी बाहुल्य क्षेत्रबाट पनि नेपाली भाषामा अब्बल कृति अश्कले लेखेकामा उनले धन्यवाद दिए ।

कार्यक्रममा ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले भाषा र संस्कृति नै हाम्रो पहिचान भएको बताए । साहित्य र संस्कृति नबुझेका व्यक्तिहरू क्रूर हुने भएकाले साहित्य र संस्कृतिले व्यक्तिलाई नम्र तथा सभ्य बनाउने उनले बताए ।

नयाँ पुस्ताले आफ्नोपन बिर्सिंदै गएकाप्रति चिन्ता व्यक्त गर्दै कोइरालाले भाषा र संस्कृतिलाई संरक्षण एवं प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

साहित्यकार गणेशप्रसाद लाठले प्रतिष्ठानको विगतदेखि वर्तमान अवस्थासम्मको साहित्यिक गतिविधिबारेमा प्रकाश पारेका थिए । पछिल्लो समयमा साहित्यिक गतिविधि बढ्दै गएकामा खुशी व्यक्त गर्दै उनले नयाँ पुस्तामा पनि साहित्यप्रति अभिरुचि बढ्दै गएको बताए । साहित्यिक क्षेत्रमा कलम चलाउनेलाई सम्मान र नवसाहित्यकारलाई प्रेरित गर्न प्रतिष्ठानले कार्य गर्नुपर्ने उनले बताए ।

प्रतिष्ठानका अध्यक्ष डा शर्माको सभापतित्वमा भएको कार्यक्रममा समाजसेवी मधु राणा, श्याम पोखरेल, पत्रकार जगदीशप्रसाद शर्मालगायत वीरगंजका विभिन्न विद्यालयका शिक्षक एवं विद्यार्थीहरूको सहभागिता थियो ।

नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका सदस्य अजमत अलि अन्सारी, काशीराम कट्टेललगायतका साहित्यकारले रचना वाचन गरेका थिए । सोही अवसरमा अन्तरविद्यालय कविता प्रतियोगितामा गौतम माविकी रूबी यादव प्रथम, रविनाथ चौहान द्वितीय, झरनाकुमारी महरा तृतीय, रोहित साह र कुसुम यादव सान्त्वना पुरस्कारबाट सम्मानित भएका थिए ।

प्रतिष्ठानकी कोषाध्यक्ष कविता खड्काले स्वागत मन्तव्य तथा गीता भण्डारीले कार्यक्रम सञ्चालन गरेकी थिइन् । भानु जयन्तीकै अवसरमा बिहान प्रभातफेरी निकालिएको थियो । वीरगंजको भानुचोकस्थित भानुभक्तको सालिकमा माल्यार्पण गरेर घण्टाघर, माईस्थान, आदर्शनगर हुँदै मकालु होटलमा पुगेर प्रभातफेरी समापन भएको थियो ।

## सृष्टिको सपना पहिरोले बगायो

प्रस, वीरगंज, २९ असार/

बाराको कलैया उपमहानगरपालिका वडा नं ६ निवासी सृष्टि यादवको जापान जाने सपना अधूरै रहेको परिवारले जनाएको छ ।

वीरगंजबाट काठमाडौं जाँदै गरेको एन्जल बस नारायणगढ–मुग्लिङ सडकखण्डस्थित सिमलतालमा लेदोसहितको पहिरोले बगाएपछि पूरै गाउँ नै शोकाकुल भएको छ । जगदीशप्रसाद यादव र सुमित्रादेवी यादवका पहिलो सन्तान सृष्टि थिइन । जेठी छोरी भएकी कारण परिवारको सम्पूर्ण जिम्मेवारी उनकै काँधमा थियो । सृष्टिसहित २२ वर्षीया बहिनी अर्चना र १८ वर्षीय भाइ अनुराग गरी बुबाआमासहित पाँचजनाको परिवार अहिले चितवनमा पुगी सृष्टिको शवको प्रतीक्षा गरिरहेका छन् । बहिनी अर्चना जनकपुरमा बसेर लोकसेवाको तयारी गर्दैछिन् भने अनुराग काठमाडौंमा बसेर अध्ययन गर्दैछन् । भाइ र बहिनीको अध्ययन खर्च सृष्टि र उनका बुबा जगदीशको आम्दानीले धानेको थियो ।



सृष्टिका बुबा जगदीश बाराको जीतपुरसिमरा उपमहानगरपालिकास्थित न्यू फोड्ली एग्रो बिजनेश प्रालिमा बजार व्यवस्थापकको रूपमा कार्यरत छन् ।

तीन वर्षअगाडि एसइई दिएकी सृष्टिले रेडियोग्राफीको दुई वर्ष तालीम लिएपछि उनी पर्साको सखुवाप्रसौनी गाउँपालिकामा रेडियोग्राफरको रूपमा २०७९ चैतबाट करारमा कार्यरत थिइन् ।

करीब डेढ वर्ष पर्साको सखुवाप्रसौनीमा कार्यरत उनी आफूले सिकेको सीप र ज्ञानले नेपालभन्दा जापानमा राम्रो आम्दानी हुने र परिवारको जीवन सुधार गर्न सहयोग हुने विश्वासका साथ सृष्टिले जापानमा जाने योजना बनाएकी थिइन् ।

सृष्टिले परिवारसँग सरसल्लाह गरेर नै जापानको सैनिक अस्पतालमा आवेदन दिएकी थिइन् । जापान जानको लागि स्तरवृद्धि परीक्षा दिनका लागि उनी काठमाडौं जान एन्जल डिलक्सको बा.प्र ०३००६ख१५१६ नम्बरको बसमा हिंडेकी थिइन् । तर उनको बस गन्तव्यमा पुग्नै पाएन । जापान पुग्ने उनको सपनासँगै उनलाई भरतपुर महानगरपालिका–२९ को सिमलतालमा लेदोसहितको पहिरोले त्रिशूलीमा बेपत्ता बनायो ।

## 'हामी शव कुर्दै, नेता कुर्सीको लागि लड्दै'
## नकटुवाका कुर्मीको घरमा दुई दिनदेखि चुलो बलेन

राधेश्याम पटेल, परवानीपुर, २९ असार/

त्रिशूलीमा दुईवटा बस खसेको ४८ घण्टा बितिसक्दा पनि कसैले पीडितहरूको घरमा पुगेर हालखबर पनि नसोधेको बेपत्ता नागरिकका परिवारजनले आरोप लगाएका छन् ।



त्रिशूली नदीमा बेपत्ता कुर्मी दम्पती । तस्वीरः प्रतीक

बारा, प्रसौनी–१ नकटुवाका ताराचन्द्र राउत कुर्मी र निजकी पत्नी कुश्मी देवी पनि वीरगंजबाट काठमाडौंको लागि गएको एन्जल डिलक्स यात्रुवाहक बसमा सवार भई काठमाडौं जाँदै गर्दा उनीहरू दुर्घटनामा परेको परिवारजनले बताएका छन् । उनीहरूको टिकट ताराचन्द्रका नातेदार पर्ने वीरगंज–१४ ठूलो पिपराका प्रकाश पटेलले काटेका थिए ।

ताराचन्द्र काठमाडौंको एक अस्पतालमा उपचाररत ज्वाइँ दशरथ पटेलका भाइ अनुराग पटेललाई भेट्न पत्नीसँगै काठमाडौं जाँदै थिए । दुवैजना राति साढे ७ बजे वीरगंज बसपार्कबाट बसमा चढेका थिए । ताराचन्द्र पटेलका कान्छा छोरा अनोज पटेलले दुई दिन बितिसक्दा पनि कोही पनि दुःखमा सामेल हुन नआएको दुःखेसो पोखे । कक्षा १२ मा अध्ययनरत अनोजको घरमा हजुरआमा, दाइ सरोज पटेल मात्रै रहेका छन् । शुक्रबार बिहान सो दुःखद खबर सुनेर आफन्तजन सबै घरमा भेटघाट गर्न आए तापनि सङ्घ तथा प्रदेशका जनप्रतिनिधिलगायत सरकारी कर्मचारी सान्त्वना दिन नआएको दुःखेसो पोखे ।

त्रिशूलीमा बस खसेको दुई दिन भयो, केही अत्तोपत्तो लागेको छैन, घरमा चुलो पनि बलेको छैन, फलफूल र पानी खाएर बसेको ताराचन्द्रका काका जलन्धर राउत कुर्मी बताउँछन् । यो घटना सुनेर केही राम्रो लागिरहेको छैन । त्यसैगरी, गाउँकै ललन पटेलले सरकारकै लापरवाहीका कारण दैवी विपद् भएको गुनासो गरे । उनले बर्खाको समयमा सो रूटमा पहिरो जान्छ भन्ने थाहा हुँदाहुँदै पनि प्रहरीले गाडी जान दियो, त्यही गलती भयो, उनले भने ।



शोकाकुल कुर्मी परिवार । तस्वीरः प्रतीक

उनले अन्य देश भएको भए विदेश प्राविधिक ल्याएर बस र यात्रीहरूको पत्ता लगाइसक्थ्यो तर यहाँका सबै नेता चोर छन्, कुर्सीका लागि मात्र लड्छन् । प्रधानमन्त्रीलाई विश्वासको मत लिन हतार छ, उनले आरोप लगाउँदै भने, "अपना काम बनता, जनता जाओ खान्ता अर्थात् आफ्नो काम बन्नुसँग मतलब छ, चाहे जानता खाल्डोमा किन नजाओस् ।"

उनले बेसहारा पीडित परिवारका सदस्यको लागि सरकारले विशेष प्याकेज ल्याएर राहत र क्षतिपूर्ति एवं भरणपोषणको जिम्मेवारी लिनुपर्ने सुझाव दिए । यस्तै रवैया रह्यो भने आगामी दिनमा सम्पूर्ण नेपाली जनता सडकमा आएर नेताको विरोधमा खडा हुने अवस्था आउन सक्ने दिन पनि टाढा नरहेको उनले जिकिर गरे ।

## रास्वपाको बहुदरमाई पालिका गठन

प्रस, वीरगंज, २९ असार/

बहुदरमाई नगरपालिकामा राष्ट्रिय स्वतन्त्र पार्टीको एकाइ गठन भएको छ । शनिवार डोकैलाचोकमा रास्वपाको भेलाले बहुदरमाई पालिका समिति गठन गरेको हो ।

भेलाले चन्दन यादवको नेतृत्वमा ११ सदस्यीय कमिटी निर्विरोध चयन गरेको छ । कमिटीको उपसभापति ओमप्रकाशकुमार यादव, सचिव चन्दनप्रसाद साह, कोषाध्यक्ष रामपती देवी र सदस्यहरूमा नागेन्द्रप्रसाद साह, अशोक कुशवाहा, ललन सहनी, परमानन्दप्रसाद साह, सरोजदेवी सहनी, अनिलकुमार साह र धनमती देवी छन् ।

भेलामा रास्वपा पर्सा जिल्ला संयोजक हरि पन्तले अब नेपालको राजनीतिमा युवाहरूलाई कसैले रोक्न नसक्ने बताए । उनले ३५–४० वर्षका धेरै युवाले सफलतापूर्वक देश हाँकिसकेका उदाहरण विश्वमा प्रशस्तै भइसकेकाले अब युवाहरू नै नेपालको भविष्य भएको बताए ।

भेलाका प्रमुख अतिथि केन्द्रीय सदस्य डा नन्दन यादवले अहिले बन्दै गरेको गठबन्धनको सरकार अप्राकृतिक गठबन्धन भएको बताए । उनले उत्तरी ध्रुव र दक्षिणी ध्रुव मिल्न असम्भव रहेकोले अब बन्ने सरकार पनि लामो दौडको घोडा नभएको बताए ।

रास्वपा जिल्ला संयोजक हरि पन्तको सभापतित्वमा सम्पन्न उक्त भेलामा प्रदेश सदस्य सुदिश प्रजापतिले स्वागत गरेका थिए भने पूर्व जिल्ला संयोजक दिलीप कुर्मी, प्रदेश सदस्य पुरुषोत्तम उपाध्याय, शिक्षा उपप्रमुख सोनालाल पटेल, क्षेत्रीय सभापति फैयाज मियाँ, वडा सभापति पूर्ण सापकोटा, डा चन्द्रभूषण पाठकलगायतले मन्तव्य राखेका थिए ।

भेलालाई सङ्गठन विभाग उपप्रमुख प्रमोद रायमाझीले सहजीकरण गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**जस्तो आस्था हुन्छ, मानिस त्यस्तै बन्छ। त्यसैले हमेशा विवेकपूर्ण र सकारात्मक सोच राख।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सडक मात्र बनाउने कि सुरक्षा पनि दिने ?

## समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सडक निर्माणका क्रममा न्यूनतम मापदण्डलाई समेत ख्याल गरिएको पाइँदैन। निर्माणका काममा जोडिएका ठेकेदार, कर्मचारीदेखि राजनीतिक पछुवाहरू मोटाउने काम मात्र भएको छ। यसको मूल्य आम जनताले दुर्घटनामा ज्यान दिएर चुकाउनुपरेको छ।**

यो आलेख तयार पार्दासम्म नारायणगढ–मुग्लिन सडकखण्डको सिमलतालमा पहिरोले बगाएर त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा यत्रुवाहक बस र यात्रुको कुनै सङ्केत भेटिएको छैन। वीरगंजबाट काठमाडौं जाँदै गरेको र काठमाडौंबाट रौतहटको गौरतर्फ आउँदै गरेका ती बस र यात्रु त्रिशूलीमा खसेर बेपत्ता भएपछि खोजी कार्य जारी छ। अबका केही दिन सडक सुरक्षाबारे चर्का बहस हुनेछन्, जसरी यस अघिका दुर्घटनालगत्तै हुने गरेका थिए। हामीकहाँ घटना/दुर्घटनापछि सरोकारका सतर्कता र पूर्वतयारीबारे उत्पात चिन्ता र चासो प्रकट हुने, छानबीन समिति बनाइने, त्यस्ता समितिले सुझावको कर्मकाण्ड पूरा गर्ने, तर छोटै समायान्तरमा ती सबै कुरा ओझेलमा पर्ने विडम्बना छ। यही प्रवृत्ति नै हामीले निरन्तर भोग्दै आएको दुर्घटना र विपत्तिको कारण बन्न पुगेको छ।

सरकारले बर्सेनि सडक विस्तारको तथ्याङ्क बढाएको छ। सडकको लम्बाइलाई सरकारले विकासका मानकको रूपमा व्याख्या गर्दै आएको छ। तर सडकको गुणस्तरमा हालसम्म कमै मन्थन भएको सुनिन्छ। सरकारी तथ्याङ्क केलाउँदा अपवादबाहेक प्रत्येक वर्ष सडक निर्माणले गति लिएको देखिन्छ। देश सङ्घीयतामा गएपछि विकास भनेको सडक मात्र हो भन्ने पारिएको छ। सडकको मापदण्ड, गुणस्तर र सुरक्षामा कत्ति ध्यान दिएको हुँदैन। नारायणगढ–मुग्लिन सडककै कुरा गर्ने हो भने पनि निर्माण, मरम्मत र स्तरोन्नतिमा अर्बौं रुपियाँ खर्च भइसकेको छ। यो सडकमा खस्ने पहिरो र अन्य दुर्घटनामा मानिसको ज्यान जाने क्रम भने रोकिएको छैन। दुर्घटना हुँदै नहुने होइन, तर सकभर दुर्घटना नहोस्, भइहाले पनि कमभन्दा कम क्षति होस् भन्नका लागि त्यस अनुसारका पूर्वाधारमा लगानी गर्नुपर्दछ।

मुग्लिन सडकखण्डकै कुरा गरौं, बर्सेनि बर्खायाममा पहिरोले बगाउने र सडकमा गुडिरहेका सवारीका साधन त्रिशूलीमा खस्नु सामान्यजस्तै भइसकेको छ। यदि यो सडकको भौगर्भिक र भौगोलिक अवस्थिति नै जोखिमयुक्त हो भने यो बाटो बन्द गरेर, अन्य वैकल्पिक रूटमा नयाँ बाटो किन बनाउन नसकिएको ? यसमा कमैलाई मात्र चासो होला। यो सडकखण्डमा अर्बौं खर्च भइसक्यो, यति खर्चमा त योभन्दा राम्रो सडकको विकल्प तयार हुने थियो। त्यही पैसाले नारायणगढ–निजगढ सडकखण्डको स्तरोन्नति गरेर तराईलाई काठमाडौंसम्म जोड्ने द्रुतमार्गलाई पूर्णता दिन सकिएको भए त्यो बहुउपयोगी हुन सक्थ्यो। यसबाट पारवहन खर्च र दुर्घटना दुवै घट्न सक्थ्यो।

अहिले बर्खाको समयमा बाढी–पहिरोबाट चारैतिर सडक अवरुद्ध भएका समाचार आएका छन्। मुख्य राजमार्गहरू बाढी–पहिरोबाट घण्टौं अवरुद्ध भएका छन्। हरेकजसो दुर्घटनापछि हुने छानबीनका कर्मकाण्डले चालकलाई दोषी देखाउने गरेका छन्। यो दुर्घटनामा पहिरोलाई कारण मानिएको छ। पहिरोको जोखिम छ भनी जान्दाजान्दै त्यही ठाउँमा सडक कायम राख्नु र नदी किनारमा निर्माण गरिएका साँघुरा घुम्ती नै घुम्तीले लपेटिएका सडक आज दुर्घटनाको कारण बनेको कुरामा कसैको चासोसम्म तानिएको छैन, किन ? खोलाका किनार र पहाडको फेद खनेर तयार पारिएका सडकहरू दुर्घटनाका वाहक बनेका छन्।

पछिल्ला केही वर्षयता तीव्ररूपमा सडकका ट्र्याक खोलिएका नेपालको चुरे र महाभारत पर्वतक्षेत्रको भूबनोट अति संवेदनशील मानिन्छ। यसमा सतर्कता देखिएको छैन। भौगर्भिक अवस्थाको अध्ययनविनै सडक बनाइएको छ। यसबाट सडक भासिने, भत्किने, पहिरो जाने समस्या बढेका छन्। पहिरोको उच्च जोखिम भएका क्षेत्रबाट सडक नबनाउने हो भने यात्रुले अकालमा ज्यान गुमाउने विडम्बना नआउन सक्दछ।

अहिले प्रदेश र स्थानीय सरकार मातहतमा त सडक विस्तार गर्ने होडजस्तै चलेको छ। तराईमा सडक ढलान र पहाडतिर भिर खनेर बाटो निकाल्ने प्रतिस्पर्धा देखिएको छ। अहिले गाउँगाउँमा पहरा खोतल्दै मौलाएको डोजरे विकासले बाढीपहिरोको जोखिम बढाएको छ। प्रकारान्तरले यो सडक पनि पहिरो काट्दै पन्छाउँदै बनाइएको हो। सडकको गुणस्तर कायम नहुँदा भोग्नुपरेको क्षतिबारे अहिलेसम्म तथ्यपरक मन्थन नै हुन सकेको छैन। सडकको दुरवस्था र असुरक्षालाई दुर्घटनाको कारणको रूपमा पहिल्याएर समाधानमा अघि बढ्ने तत्परता कहीं कतै देखा परेको छैन। सडक पुगेको ठाउँमा विकासका अवसरहरू पनि पुग्छन्। यसलाई कसरी सुरक्षित बनाउने भन्ने विषयलाई विकास रणनीतिले समेट्न सकेको छैन।

नेपाल सडक मापदण्डले सडकलाई राष्ट्रिय राजमार्ग, सम्पर्क सडक, जिल्ला सडक र शहरी सडक भनी वर्गीकरण गरिएको मात्र छैन, सडक गुणस्तरको मापदण्ड पनि तोकिएको छ। तर, सडकको सुरक्षा र गुणस्तर सरकारको प्राथमिकतामा पर्न सकेन। राजमार्गलाई ७ देखि १० वर्षमा पुनर्निर्माण गर्नुपर्छ। हामीकहाँ राजमार्गमा खाल्डा टाल्ने कामसमेत राम्ररी हुँदैन। बर्सेनि ठूलो रकम खर्च हुन्छ, तर गतिलो टालटुलसमेत हुँदैन। सडकमा दुर्घटनाबाट जोगाउन साइनबोर्ड, सङ्केत, तारबारजस्ता आधारभूत पूर्वाधारको कमी छ। यसबाट सडक असुरक्षित बनेका छन्। ३० टन भारको गाडी गुड्ने सडक कालोपत्रे गर्दा प्रतिकिलोमिटर करीब ३० करोड रुपियाँ खर्च लाग्ने अनुमान छ। तर, हामीकहाँ १५ करोडमा यस्ता सडक निर्माण हुन्छन्।

आपत आइलागेपछि सतहमा प्रकट हुने बुद्धिविलास यो विपत्तिको पुनरावृत्ति रोक्न पर्याप्त हुँदैन। हामीकहाँ हुने यस्ता चासो चिन्ता, ती घटना पुरानो हुँदै जाँदा ओझेलमा पर्छ। र, पुनः चर्चामा आउन त्यस्तै प्रकृतिका घटना दोहोरिन्छ। स्मरण हुन्छ, केही वर्ष अघि वीरगंजको सुपर ग्याँस उद्योग प्रालिमा आगलागीको घटनापछि ग्याँस उद्योगले पालना गर्नुपर्ने मापदण्ड, त्यसको कमजोर कार्यान्वयन बारे निकै चासो प्रकट भएको थियो। त्यो घटनाको छानबीनका निम्ति ग्याँस उद्योगी र सरकार दुवैले बेग्लाबेग्लै छानबीन समिति बनाएका थिए। तर, ती समितिले के गरे ? र, सरकारले के गर्‍यो ? घरघरमा प्रयोग हुने अति प्रज्वलनशील ग्याँसको आयात, बोटलिङ, बिक्री वितरण र उपयोगसम्मको सुरक्षा सावधानी हचुवाका भरमा चलेको छ।

ग्याँस उद्योगीले मात्र होइन, आगलागीमा आगो निभाउन जाने अग्नि नियन्त्रणले पालना गर्नुपर्ने सुरक्षा सावधानीमा पनि चुक भएकोमा विवाद छैन। तर, आजपर्यन्त महानगरका अग्नि नियन्त्रकमा सामान्य पेशागत दक्षता पनि रहेन छ भन्ने कुरा केही दिन अघि वीरगंजकै आदर्शनगरको सिद्धार्थ बैंकमा भएको आगलागीको घटनाले पुनः पुष्टि गर्‍यो। आगो निभाउन दमकल लिएर पुगेका अग्नि नियन्त्रकहरू आधा घण्टाभन्दा बढी समय त कताबाट कसरी निभाउन शुरू गर्ने भन्ने अन्योलमैं समय खेर फाले। यो महानगरमात्र होइन, अन्य वारुणयन्त्र कर्मचारीको औसत समस्या हो। उनीहरूलाई पेशागत दक्षता बढाउने तालीम र सुरक्षा सावधानीबारे जानकार बनाउन सकिएन भने त्यो दुर्घटनाको अर्को कारण बन्न पुग्दछ भन्नेमा सतर्कता अपनाउन किन आवश्यक ठानिएको छैन ? यो बुझ्न नसकिएको विषय बनेको छ।

बेलाबेलामा यस्ता दुर्घटनाबाट धनजनको क्षति भएको छ। ग्याँसबाट आगो लागेर नेपाली काङ्ग्रेसका प्रभावशाली नेताकी आमाको ज्यान गएको र ती नेता गम्भीर घाइते भएर लामो समयसम्म उपचार पनि निको भएका बेला पनि यसबारे चासो बाक्लिएको थियो। अहिले यी सबै सरोकारहरू सामसुम भए।

बाढी पहिरोको बेला एकीकृत बस्तीका कुरा, हवाई दुर्घटनासँगै सुरक्षित उडानका विषय, भूकम्पबाट हजारौं जनाको ज्यान गएपछि भूकम्प प्रतिरोधी संरचना र पूर्वाधारसँगै जोखिम नभएका ठाउँमा मात्र बस्ती बसाउने विषय, नाकाबन्दीताका स्वदेशमैं पेट्रोलियम उत्पादनदेखि जलविद्युत्को व्यापक विकासका कुराजस्तै हुन्। कुरा फेरि सडककै, प्रदेश र स्थानीय सरकारहरू गुणस्तरीय सडकभन्दा कच्ची सडकको विस्तारमा बढी एकोहोरिएका छन्। सडक निर्माणका क्रममा न्यूनतम मापदण्डलाई समेत ख्याल गरिएको पाइँदैन। निर्माणका काममा जोडिएका ठेकेदार, कर्मचारीदेखि राजनीतिक पछुवाहरू मोटाउने काम मात्र भएको छ। यसको मूल्य आम जनताले दुर्घटनामा ज्यान दिएर चुकाउनुपरेको छ। यो विडम्बनाको पुनरावृत्ति कहिलेसम्म ?

# अज्ञानबाट मुक्ति नै मोक्ष हो

**मोक्षमा जुन आनन्दको प्राप्ति हुन्छ, त्यो सांसारिक सुख र दुःखभन्दा पर हुन्छ। मोक्षको अवस्थामा जब जीव ब्रह्मसँग एकाकार हुन्छ, तब उसलाई परमानन्दको अनुभूति हुन्छ। उपनिषद्मा मोक्षलाई आनन्दमय अवस्था भनिएको छ। किनकि ब्रह्म आनन्दमय छ।**

हाम्रो संस्कृतिमा मोक्षप्राप्तिलाई जीवनको परम लक्ष्य मानिएको छ। मोक्षलाई नै विभिन्न दर्शन एवं शास्त्रहरूमा कैवल्य, अपवर्ग, मुक्ति, निर्वाण, स्वरूपस्थिति, स्थितप्रज्ञता, स्वोपलब्धि, परमपद तथा निःश्रेयस् आदि भनिएको छ। 'मोक्ष' अन्ततः हो के ? मोक्षको अभिप्राय के हो ? मोक्षलाई जीवनको परम लक्ष्य किन भनिन्छ ?

वस्तुतः 'मोक्ष' को आशय 'मुक्ति' हो, तर प्रश्न उठ्छ कसको मुक्ति र केबाट मुक्ति ? र, मुक्ति किन र कसरी ? वास्तवमा 'मुक्ति' शब्दको उत्पत्ति संस्कृत भाषाको 'मुचै' धातुबाट भएको हो। 'मुच' धातुको प्रयोग छुट्नुको अर्थमा गरिन्छ।

यस प्रकार मोक्ष अथवा मुक्तिको आशय छुट्नु हो। जीव जन्म र मरण बन्धनबाट छुट्नु नै मोक्ष हो। मोह क्षय हुनु वा छुट्नु नै मोक्ष हो। यहाँ मुक्तिको अर्थ जीवात्मा, समस्त दुःख तथा बन्धनहरूबाट छुटेर आफ्नो शुद्ध स्वरूपमा स्थित हुनुलाई मानिएको छ। अस्तु मोक्ष त्यो विशेष अवस्था हो, जसमा जीवात्मा सबै प्रकारका दुःख, क्लेश तथा बन्धनहरूबाट छुटेर आफ्नो शुद्ध स्वरूप, वास्तविक स्वरूपमा स्थित हुन्छ।

जीवात्मा यसै वास्तविक स्वरूपमा स्थित हुनुलाई ऋषिवर पतञ्जलिले योगसूत्र १.३ मा भनेका छन्–

**तदा द्रष्टुः स्वरूपेऽवस्थानम्**

अर्थात् जब चित्तका वृत्तिहरूको निरोध हुन्छ, त्यस बेला द्रष्टा (आत्मा) आफ्नो स्वरूपमा स्थित हुन्छ अर्थात् उसले मोक्ष, मुक्ति अथवा कैवल्य–अवस्था प्राप्त गर्छ।

यस अवस्थामा जीव आत्मासँग प्रेम गर्दछ, आत्मासँग खेल्दछ, आत्मक्रीडा गर्दछ, आत्मामा नै आसक्त रहन्छ र आत्मामा नै परमानन्द प्राप्त गर्दछ।

उपनिषद्हरूका अनुसार अविद्या (अज्ञान) नै बन्धनको कारण हो। अविद्याकै कारण अहङ्कार उत्पन्न हुन्छ र यो अहङ्कारले नै जीवलाई बन्धनग्रस्त बनाइदिन्छ।

बन्धनको अवस्थामा जीवलाई ब्रह्म, आत्मा अथवा जगत्को वास्तविक स्वरूपको ज्ञान रहन्न, फलस्वरूप जीव इन्द्रिय र मनबाट भिन्न हो, तर अज्ञानका कारण जीवात्मा स्वयंलाई शरीर, इन्द्रिय तथा मनभन्दा भिन्न ठान्दैन। यसविपरीत ऊ शरीर, इन्द्रिय तथा मनलाई आफ्नो अङ्ग ठान्न थाल्दछ। यी विषयहरूका साथ उसले तादात्म्यता प्राप्त गर्दछ। यसैलाई बन्धन भनिन्छ। बन्धनलाई उपनिषद्मा 'ग्रन्थि' पनि भनिएको छ। ग्रन्थिको अर्थ हो– बाँधिनु।

मुण्डक उपनिषद्मा अविद्यालाई ग्रन्थि भनिएको छ, जसलाई खोलेपछि नै आत्माको दर्शन सम्भव हुन्छ। बन्धनको अवस्थामा मानव मनमा गलत धारणाहरू बन्न थाल्छन्। त्यसैले बन्धनग्रस्त, अज्ञानग्रस्त, अविद्याग्रस्त व्यक्ति अनात्म तत्त्वलाई आत्मा ठान्न थाल्दछ। क्षणिक वस्तुलाई स्थायी ठान्न थाल्दछ। अवास्तविकलाई वास्तविक ठान्न थाल्दछ। दुःखलाई सुख बुझ्न थाल्दछ। अप्रिय वस्तुलाई प्रिय ठान्न थाल्दछ र त्यसकै अनुरूप कर्म गर्न थाल्दछ र दुःखको भासमा भासिँदै जान्छ।

जसरी नीलो चश्मा लगाएको व्यक्तिलाई सारा संसार नीलो देखिन्छ, त्यस्तै बन्धनग्रस्त, अज्ञानग्रस्त व्यक्तिलाई दुःख, सुख प्रतीत हुन्छ, अर्थात् अवास्तविक नै वास्तविक प्रतीत हुन्छ। तर जसै उसले चश्मा फुकाल्छ र कुनै पारदर्शी चश्माले यस दुनियाँलाई हेर्छ, अनि उसलाई यो दुनियाँ आफ्नो वास्तविकरूपमा देखिन थाल्छ।

बन्धनको अवस्थामा आत्मालाई सांसारिक दुःखहरूको अधीन रहनुपर्छ। बन्धनको अवस्थामा जीवात्माले निरन्तर जन्म ग्रहण गर्नुपर्छ। यस प्रकार जीवनका दुःखहरू सहनु तथा घरीघरी जन्म ग्रहण गर्नु नै बन्धन हो र यस बन्धनको अन्त नै मोक्ष हो। यस बन्धनबाट मुक्त हुनु नै मुक्ति हो। मोक्ष दुःखको पूर्ण निरोधको अवस्था हो। मोक्षलाई अपवर्ग पनि भनिएको छ। अपवर्गको अर्थ नै हो आत्मा शरीर र इन्द्रियहरूको बन्धनबाट मुक्त हुनु।

मोक्षको अवस्थामा जीव आफ्नो यथार्थ स्वरूपलाई चिन्छ तथा ब्रह्मका साथ उसको तादाम्य हुन्छ। यस प्रकार मोक्ष अथवा मुक्ति ब्रह्मात्मैक्य बोध हुन्छ अर्थात् ब्रह्म र आत्माको एकता र अभिन्नताको ज्ञान अथवा बोध नै मोक्ष हो, मुक्ति हो, कैवल्य हो, निर्वाण हो, स्वरूपस्थिति हो, स्वोपलब्धि हो।

ब्रह्म र आत्माको अभेदको ज्ञान नै भवबन्धनबाट मुक्त हुने कारण हो, जसद्वारा जीवात्मा अद्वितीय, आनन्दस्वरूप, ब्रह्मपद, परमपद प्राप्त गर्दछ। ब्रह्म र आत्माको अभिन्नताको बोध भएपछि जीवात्माले फेरि जन्म–मरणरूपी संसारचक्रमा पर्नुपर्दैन र ऊ सबै प्रकारका सांसारिक दुःख र क्लेशहरूबाट मुक्त हुन्छ।

मोक्षमा जुन आनन्दको प्राप्ति हुन्छ, त्यो सांसारिक सुख र दुःखभन्दा पर हुन्छ। मोक्षको अवस्थामा जब जीव ब्रह्मसँग एकाकार हुन्छ, तब उसलाई परमानन्दको अनुभूति हुन्छ। उपनिषद्मा मोक्षलाई आनन्दमय अवस्था भनिएको छ। किनकि ब्रह्म आनन्दमय छ, त्यसैले मोक्षावस्था पनि आनन्दमय हुन्छ। मोक्ष परमानन्दको अवस्था हो।

कठोपनिषद् एवं बृहदारण्यक उपनिषद्मा भनिएको छ कि जुन बेला सम्पूर्ण कामनाहरू समाप्त हुन्छन्, त्यस बेला जीव यसै शरीरमा ब्रह्म प्राप्त गर्छ। ऊ संसारमा रहन्छ तर उसमा संसार हुँदैन। ऊ कर्म–नियमको अधीनताबाट मुक्त हुन्छ। जसप्रकार पानी कमलको पत्तामा अड्न सक्दैन, त्यसै प्रकार कर्म जीवनमुक्तसँग टाँसिन सक्दैन। प्रारब्ध कर्महरू क्षय भएपछि जीवनमुक्त, विदेह बन्न पुग्छ।

मोक्ष प्राप्तिपछि पनि मानिसको शरीर रहन्छ। मोक्षको अर्थ शरीरको अन्त होइन। शरीर त प्रारब्ध कर्महरूको फल हो। जबसम्म यसको फल समाप्त हुँदैन, तबसम्म शरीर विद्यमान रहन्छ। जसरी कुमालेको चक्र उसले घुमाउन छाडेपनि केही बेर घुमिरहन्छ, त्यसैगरी मोक्ष प्राप्त गरेपछि पनि पूर्वजन्मको कर्म अनुसार शरीर केही कालसम्म जीवित रहन्छ। यसलाई जीवनमुक्त भनिन्छ।

जीवनमुक्त व्यक्ति संसारमैं रहन्छ, तर संसार उसमा हुँदैन। संसारका दोष, प्रपञ्च, विकार उसमा हुँदैनन्। ऊ तीबाट अप्रभावित नै रहन्छ। ऊ सांसारिक कर्महरूमा सहभागी हुन्छ, तर फेरि पनि कर्मबन्धनमा बाँधिएको हुँदैन; किनकि उसका प्रत्येक कर्म अकर्म हुन थाल्छ। उसका प्रत्येक कर्म संस्कारशून्य हुन थाल्छ। यसको कारण यो हो कि उसका कर्म अनासक्त भावले हुन थाल्छ।

जुन कर्म आसक्त भावले गरिन्छ, त्यसबाट कर्म–बन्धन उत्पन्न हुन्छ, कर्म संस्कार उत्पन्न हुन्छ, तर निष्काम कर्म वा अनासक्त कर्म भुटेको बीउजस्तै हुन्छ, जसबाट अङ्कुर निस्कँदैन। जब जीवनमुक्त व्यक्तिको स्थूल र सूक्ष्म शरीरको अन्त हुन्छ, तब उसलाई 'विदेह मुक्ति' प्राप्त हुन्छ। विदेह मुक्ति मृत्यु उपरान्तको उपलब्धि हुन्छ।

आचार्य शङ्करको के मत छ भने आत्माको शरीर र मनसँग आफ्नोपनको सम्बन्ध हुनु बन्धन हो। आत्मा शरीरका साथ आसक्त हुनु नै बन्धन हो। आत्मा शरीरभन्दा पृथक छ, तर पनि त्यसले शरीरका अनुभूतिहरूलाई निजी अनुभूति ठान्न थाल्छ। यही बन्धन हो। आत्मा स्वभावतः नित्य, शुद्ध, चैतन्य, मुक्त र अविनाशी छ, तर अज्ञानबाट वशीभूत भएर ऊ बन्धनग्रस्त बन्न पुग्छ। क्रमशः

# ओलीको नेतृत्वमा नयाँ सरकार गठन हुँदै

काठमाडौं, २९ असार/रासस

प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दलको सहकार्यमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली आइतवार नयाँ प्रधानमन्त्रीका रूपमा मुलुकको कार्यकारी नेतृत्व सम्हाल्दै छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभाको शुक्रवारको बैठकमा प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्ताव पारित नभएपछि नयाँ सरकार गठनको प्रक्रिया शुरू भएको हो।

नेपाली काङ्ग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिका आधारमा अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुन लागेका हुन्। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रवार नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रतिनिधिसभामा रहेका दुई वा दुईभन्दा बढी दललाई प्रधानमन्त्रीको दाबी पेश गर्न आइतवार अपराह्न ५ बजेसम्मको समय दिएका छन्।

चौथोपटक प्रधानमन्त्री हुन लागेका अध्यक्ष ओलीलाई राष्ट्रपति पौडेलले आइतवार नियुक्त गर्ने प्रबल सम्भावना रहेको दुवै दलका दोस्रो तहका केही नेताहरूले बताएका छन्। एमालेका प्रमुख सचेतक महेश बर्तौलाले राष्ट्रपति पौडेलबाट प्रधानमन्त्रीमा अध्यक्ष ओलीलाई नियुक्तिपछि सोमवारभित्रै पद तथा गोपनीयताको शपथ लिने तयारी भएको जानकारी दिए।

## भानुजयन्ती ...

रमानाथलाई काठमाडौंबाट लेखिएको चिठीमा उनी निकै क्रूर देखिएका छन्। यी त तपसिलका कुरा हुन्। मूल कुरा उनको योगदानको क्षेत्र र कमजोरीभन्दा गुण नै बढी चर्चा गरी उनले उत्तराधिकारका रूपमा छाडेको नेपाली भाषा र सबै मातृभाषा जोगाउनु हामी सबैको दायित्व हो। आफ्नो पहिचानको भाषाको विद्रुपीकरणले हाम्रो राष्ट्रियतामाथि नै आँच पुग्न सक्ने कुरामा दूरदृष्टि हुनुपर्छ।

अर्को महत्त्वपूर्ण कुरा भने भानु जन्मस्थल तनहुँ, रम्घा, चुँदीबेंसीलाई नेपाली भाषा र साहित्यको तीर्थस्थलका रूपमा विकास गरिनुपर्छ। तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री सुदन किराँतीका पालामा ल्याइएको भाषा सङ्ग्रहालयलाई मूर्तरूप दिन योजना तथा कार्यक्रम बनाइनुपर्छ। अझ महत्त्वपूर्ण त भानुजयन्तीलाई नेपालको राष्ट्रिय भाषा दिवसकै रूपमा मनाएर भाषा, नेपाली भाषा र सबै मातृभाषाको महत्त्वबारे व्यापक चर्चा गरिनुपर्छ। (लेखक राससका नायब महाप्रबन्धक हुन्)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनद्वारा बालबालिका लक्षित हानिकारक सामग्रीमाथि अनलाइन कारबाई शुरू

बेइजिङ, २९ असार/एएफपी

चीनले शनिवार बालबालिकाका लागि हानिकारक मानिने सामग्री, भिडियो एप र सामाजिक सञ्जाल प्लेटफर्मलाई लक्षित गर्दै आफ्नो कडा नियन्त्रित इन्टरनेटमा नयाँ कारबाईको घोषणा गरेको छ।

सत्तारूढ कम्युनिस्ट पार्टीले घरेलु वेबलाई कडाइका साथ नियमन गरी अश्लील तथा राजनीतिकरूपमा विध्वंसक मानिने सामग्री सेन्सर गर्ने भएको छ।

यसले समय–समयमा अनलाइन प्रभावकर्तादेखि गेमिङ र सपिङ प्लेटफर्मसम्मका विशिष्ट क्षेत्रहरूमा कडाइ गरेको छ।

शनिवार एक विज्ञप्तिमा, देशको इन्टरनेट वाचडगले इन्टरनेटमा नाबालिगको सुरक्षालाई प्रभावकारी रूपमा सुदृढ पार्न र स्वस्थ, सुरक्षित अनलाइन वातावरण सिर्जना गर्न दुई महीनाको 'क्लियर एन्ड ब्राइट' अभियान शुरू गरिरहेको बताएको छ।

यस कदमले छोटो–भिडियो र लाइभ स्ट्रिमिङ प्लेटफर्महरू, सामाजिक मिडिया साइटहरू, अनलाइन सपिङ प्लेटफर्महरू, एप स्टोरहरू, बच्चाहरूका लागि स्मार्ट उपकरणहरू र नाबालिगहरूका लागि अनलाइन नियन्त्रणसँग सम्बन्धित प्रमुख समस्या समाधान गर्ने चीनको साइबरस्पेस प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यसले विद्यालय बदमाशीलाई प्रोत्साहन गर्ने भिडियोहरू प्रसारण गर्ने, क्लासिक बच्चाहरूको कार्टुन र गीतहरूमा 'हिंसात्मक र घृणित' सामग्री थप्ने, र कम उमेरका 'इन्टरनेट सेलिब्रेटी बच्चाहरू' बाट नाफा कमाउने जस्ता विविध व्यवहारलाई लक्षित गर्दछ।

यसले ई–कमर्स प्लेटफर्मबाट अश्लील र यौनसूचक उत्पादनहरू उन्मूलन गर्ने लक्ष्यसहित बच्चाहरूलाई 'हानिकारक मित्रता' मार्फत दुर्भावनापूर्णरूपमा बनाइएको अनलाइन शब्दजाल र अश्लीलतातर्फ आकर्षित गर्ने जानकारी पनि दिन्छ।

नाबालिगहरूका लागि विशेष समस्याको नयाँ अभिव्यक्तिमा नजीकबाट ध्यान दिई संयुक्तरूपमा राम्रो अनलाइन इकोलोजी समर्थन गर्नुपर्ने विज्ञप्तिमा भनिएको छ।

चिनियाँ बालबालिकाले गर्मीको स्कूलको छुट्टी शुरू गर्दा र हालैका वर्षहरूमा यस्ता थुप्रै अभियानहरू पछ्याउँदा पछिल्लो अभियान आएको हो।

सेन्सरहरूले अप्रिलमा अर्को 'क्लियर एन्ड ब्राइट' अभियान शुरू गरेपछि धेरै प्रसिद्ध प्रभावकर्तालाई अवरुद्ध गरेका छन् जसले आकर्षक व्यक्तित्वहरूले जानाजानी पैसाले भरिएको असाधारण जीवनशैली प्रदर्शन गर्दछ।

सरकारले १८ वर्ष मुनिका बालबालिकाहरूले अनलाइन गेम खेल्ने समय पनि गम्भीररूपमा कटौती गरेको छ। पहिले ई–कमर्स प्लेटफर्महरूमा आफूले अवाञ्छनीय ठानेका उत्पादन बेच्ने प्रशिक्षण दिएको छ, जस्तै सफ्टवेयर जसले आधिकारिक इन्टरनेट नियन्त्रणहरू स्कार्ट गर्दछ। रासस

# प्यालेस्टिनी भूमिमा इजरायली कब्जाबारे राय दिन संयुक्त राष्ट्रसङ्घीय अदालतको आदेश

द हेग (नेदरल्यान्ड), २९ असार/सिन्ह्वा

अन्तर्राष्ट्रिय न्याय अदालत (आइसिजे) ले प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जाको कानूनी परिणामबारे जुलाई–१९ मा सल्लाहकार राय दिने घोषणा गरेको छ।

हेगस्थित आइसिजेको सिट पिस प्यालेसमा जुलाई –१९ मा सार्वजनिक सत्र हुनेछ, जहाँ अदालतका अध्यक्ष न्यायाधीश नवाफ सलामले सल्लाहकार राय पेश गर्नेछन्।

फेब्रअरीमा आइसिजेमा सार्वजनिक सुनुवाइका क्रममा प्यालेस्टिन, ४९ संयुक्त राष्ट्रका सदस्य राष्ट्रहरूलगायत तीनवटा अन्तर्राष्ट्रिय संस्थाहरूले मौखिक बयान प्रस्तुत गरेका थिए।

सुनुवाइमा, प्यालेस्टिनी संयुक्त राष्ट्रका दूत रियाद मन्सुरले आइसिजेलाई प्यालेस्टिनी क्षेत्रहरूमा इजरायलको कब्जालाई अवैध घोषणा गर्न आग्रह गरेका थिए। फैसलाले कब्जाको तत्काल अन्त्य, न्यायपूर्ण र स्थायी शान्ति स्थापनाका लागि मार्ग प्रशस्त गर्ने कुरामा जोड दिएको छ।

सुनुवाइमा भाग नलिई, इजरायली प्रधानमन्त्रीको कार्यालयले सुनुवाइको वैधता अस्वीकार गरी एउटा बयान जारी गर्दै इजरायलको स्वतन्त्रता र आत्मरक्षाको अधिकारलाई अझ कमजोर पार्ने प्रयास गरेको आरोप लगाएको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | नारीसुख | वृष | कडापरिश्रम |
| मिथुन | सुसमाचार | कर्कट | उदरपीडा |
| सिंह | विजय | कन्या | धनलाभ |
| तुला | भाग्योदय | वृश्चिक | बेचैनी |
| धनु | धनलाभ | मकर | सफलता |
| कुम्भ | प्रगति | मीन | अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पहिरोमा परी सातजनाको मृत्यु

भियतनाम, २९ असार/एएफपी

उत्तरी भियतनाममा पहिरोले भ्यान पुरिंदा कम्तीमा सातजनाको मृत्यु भएको शनिवार राज्य सञ्चार माध्यमले जनाएको छ।

हा जियाङ प्रान्तको बाक मी जिल्ला हुँदै गुडिरहेको १६ सिटे भ्यान बिहान ४ बजे पहिरोमा परेको हो।

उत्तरी भियतनाममा वर्षाको मौसम प्रवेश गरेसँगै भारी वर्षा र बाढी पहिरोले पहाडी सडकमा यात्रालाई जोखिमपूर्ण बनाइरहेको छ।

उद्धारकर्ताहरूले घटनास्थलबाट एक बालकसहित सातजनाको शव उद्धार गरेका छन्।

भ्यानमा सवार अन्य छजना जीवित फेला परेका र उपचारका लागि नजीकैको अस्पताल लगिएको राज्य सञ्चार माध्यमले जनाएको छ। उद्धारकर्ताहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन्।

राज्य सञ्चारमाध्यमले प्रसारण गरेको तस्बिर र भिडियोहरूमा एम्बुलेन्स र सयौं उद्धारकर्मी घटनास्थलमा खटिएका देखिइएको छ। रासस

## याङ्गुन नदीबाट पाँचवटा शव निकालियो

याङ्गुन, २९ असार/एएफपी

म्यान्माका उद्धारकर्ताहरूले व्यावसायिक केन्द्र याङ्गुन नदीमा डुङ्गा दुर्घटनामा परेका १२ वर्षीया बालिकासहित पाँचजनाको शव भेटिएको स्थानीय अग्नि नियन्त्रण सेवाले जनाएको छ।

स्थानीय सञ्चारमाध्यमले जानकारी गराए अनुसार उक्त डुङ्गा बुधवार अर्को जहाजसँग ठोकिएपछि डुबेको थियो।

"उद्धारकर्ताहरूले नदीबाट पाँचजनाको शव फेला पारेका छन्"– अग्नि नियन्त्रण सेवाले शुक्रवार राति फेसबूकबाट जारी गरेको विज्ञप्तिमा भनिएको छ।

तीनजना पुरुष, एक १६ वर्षीय बालक र एक १२ वर्षीया बालिकाको शव याङ्गुन जनरल अस्पताल पठाइएको विज्ञप्तिमा जनाइएको छ।

अल्पविकसित यातायात र कमजोर रूपमा लागू गरिएका सुरक्षा नियमहरूका कारण म्यान्मामा डुङ्गा दुर्घटनाका घटनाहरू सामान्य छन्। रासस






# भानुजयन्ती : नेपाली भाषाको स्तरीकरणको चासो

विचार



श्याम रिमाल

**'रामायण' भानुभक्तको मौलिक काव्य होइन, तथापि त्यसमा प्रशस्त नेपालीपन, भाषा, शैली छ, जसलाई सबै जातजातिका साक्षर नेपालीले लय हालेर पढ्न सके र विश्वको प्रथम खण्डकाव्यमा रहेको विषयवस्तुको रसास्वादन गर्न पाए। साक्षरले पढेका श्लोकलाई निरक्षर नेपालीले पनि सुनेर कान र मनलाई आनन्दमय बनाए, धर्म–संस्कृति चिने।**

जलवायु परिवर्तनको व्यापक असर पर्नु अघिसम्म जतिबेला वर्षको तेस्रो महीना असार आउँथ्यो, अनि हामीकहाँ वर्षासँगै साहित्य, लोकसाहित्य, संस्कृतिको वर्षा हुन थाल्थ्यो। अहिले त वर्षा वैशाख, जेठमैं अर्थात् असमयमैं हुने गरेकाले पानी बर्सने वास्तविक महीना असारको महत्त्व पनि घट्दै गएको हो कि भन्ने भान पर्छ। संस्कृतका महाकवि कालिदासको 'मेघदूत'मा वर्णित महीना पनि यही असार नै हो। जुन बेला यक्षले कुबेरका दरबारमा रहेकी आफ्नी प्रियतमालाई पानी पार्ने बादलमार्फत आफ्नो प्रेमसन्देश पठाएका थिए।

मनसुनसँगै असारको वर्षाले दिने जल, शीतलता र हरियालीपूर्ण वातावरणले कवि, गीतकार, लोकगीत सङ्गीतकर्मीका हृदयमा काव्यात्मक रस भरिई अनेकथरीका काल्पनिक–यथार्थ साहित्यिक भावना बग्न थाल्छ। वर्षभरि मर्दापर्दा चाहिने धान रोपेर मङ्सिरसम्म पर्खने नेपाली समुदाय वा जाति असार महीनालाई एउटा पर्वकै रूपमा लिन्छ, अनि मध्य असार अथवा असार १५ लाई त दहीचिउरा खाएर धान दिवस वा रोपाइँ महोत्सवकै रूपमा मनाउँछ। विसं १८७१ मा यसै महीनाको अन्तिमतिर नेपाली जातिले भविष्यको आदिकविकै रूपमा भानुभक्त आचार्यलाई पायो र आजपर्यन्त उनका स्मृतिमा भाषासाहित्यको चर्चा गरी राष्ट्रिय एकताको प्रवर्द्धनका लागि केही न केही योगदान गरिरहेका छन्।

असार २९ गते त एक संयोग मात्र न हो, तनहुँ, रम्घाका पण्डित श्रीकृष्ण आचार्य तथा उनका छोरा धनञ्जय आचार्य र बुहारी धर्मावतीका घरमा एक बालक जन्मनुपर्थ्यो, जन्मे, तर सो जन्मदिन ती बालकका हजुरबा, आमा तथा परिवार र वंशजका लागि मात्र नभई अहिले विश्वभर नै जहाँजहाँ नेपाली जाति र नेपाली भाषाको प्रचारप्रसार भएको छ, त्यहाँत्यहाँ हर्षोल्लास र गौरवका साथ मनाइन्छ र नेपाली जातीय–राष्ट्रिय एकतामा बल दिइन्छ। आचार्य भाषिक, साहित्यिक, धार्मिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा मात्र नभएर राजनीतिक क्षेत्रमा पनि चर्चाका पात्र बनिसकेका छन् र एकाधबाहेक सर्वत्र उनको गुणगान नै गाइन्छ, कमजोरी उधिनिन्न।

वाल्मीकिको 'रामायण'लाई मौलिक नेपाली भाषामा गरेको उनको अनुवाद कर्म नै नेपाल र नेपाली जातिका लागि एक युगीन, कालजयी काम हुन गयो। 'भानुभक्तको रामायण' खाली भाषा र साहित्यका लागि मात्र नभई हाम्रो धर्म, संस्कृति, दिनचर्या, राष्ट्रियता, जातीयता, सार्वभौमिकताका लागि अपूर्व र अनुपम कृति भइदियो। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका, बाइसे–चौबीसे राज्य आदिलाई भौगोलिक एकीकरण गरेर अस्तित्वमा जान लागेको नेपाल राज्यको पुनर्स्थापना गरी नेपालीको अस्तित्व, गौरव र सानलाई जसरी पुनर्जीवित गरे, आचार्यले भावनात्मक एकता गराइदिएर त्यसमा अझै प्राण भरे, नेपाली–नेपालीभित्रको नेपाली राष्ट्रियता–नेपाली जातीयता र नेपालीपनलाई ब्यूँताइदिए। तत्कालीन नेपाल सरकारले दुवै व्यक्तित्वलाई 'राष्ट्रिय विभूति' भनी दिएको उपाधिले न्याय पनि दिएको छ।

भूगोल अर्थात् माटो मात्रले कुनै जाति, समुदाय, देशका जनता एकाकार हुन सक्दैनन्, तिनका मन र मुटुमा पनि एउटै देशीय रगत बगेको हुनुपर्छ। मानिस सिमानाले एकै देशका जनता भनिन बाध्य पारे पनि हृदयले जोडिन सकेनन् भने आफ्नो भूगोलको अस्तित्व संरक्षण गर्न प्रेरित हुँदैनन्। जसले नेपाल राज्यको अस्तित्व जोगाइदियो, ती पहलकर्ता पृथ्वीनारायण र जसले नेपाली भाषाका माध्यमबाट नेपाल र नेपाली भन्ने भावना जगाइदियो, ती जागरणकर्ता भानुभक्तलाई मान्न, तिनप्रति श्रद्धा व्यक्त गर्न र तिनका गुणगान गाउन किन अप्ठेरो मान्ने, किन धक लाग्ने ?

पृथ्वीनारायण शाहले आफूहरूको भौगोलिक अस्तित्व मेटिदिएको र केन्द्रिकृत राज्य चलाएकाले उनलाई एकाथरीले साम्राज्यवादी–विस्तारवादी तथा निरङ्कुश राजाको आरोप लगाउनेले के चाहिं बुझ्न पचाएरै नबुझे जस्तो गरिरहेका छन् भने छेवैमा आउनै लागेको मुसलमान र अङ्ग्रेज सेनालाई पराजित नगरेको भए गोरखा राज्यको विस्तारित रूप नेपाल भन्ने राज्य यतिबेला अस्तित्वमैं नरहने तथ्य करीबकरीब शतप्रतिशत सत्य हो।

आपसमा लडाइँ–झगडा गरिरहने छिमेकी राज्यहरूको कमजोरी बुझेका विदेशी विस्तारवादीले ससाना मुलुक सजिलैसित हडप गर्थे र आफ्नो राज्यमा मिलाउँथे। कथं ससाना राज्य बचेकै भएपनि अहिले नजीकैको कुनै भूमि पुग्न अनेक झमेला भोग्नुपर्थ्यो। त्यसैले आफ्नो अस्तित्वकर्ता पृथ्वीनारायणलाई सम्मान र श्रद्धा व्यक्त गर्नु हाम्रो कर्तव्य हो। त्यस्तै, जसले आफ्नो भाषा दियो, संस्कृति दियो, पहिचान दियो, तिनै भानुभक्तलाई पनि उत्तिकै नमन गर्नु हाम्रो दायित्व हो।

'बधूशिक्षा' काव्यमार्फत महिलालाई होच्याउने कवि भनेर एकथरीले उनको उछित्तो काढ्नु पनि त्यस बेलाको राष्ट्रिय परिवेशलाई बुझ्न नसक्नु हो। सामान्य कविता लेखेर वाचन गर्ने कविलाई त हामी वाहवाही गर्छौं भने 'भक्तमाला', 'रामगीता', 'प्रश्नोत्तर' जस्ता काव्य र तत्कालीन प्रशासनिक विकृति आदि उजागर गर्ने फुटकर कविता लेख्ने कविप्रति सम्मान गर्नु त सम्यक नै होला।

'रामायण' भानुभक्तको मौलिक काव्य होइन, तथापि त्यसमा प्रशस्त नेपालीपन, भाषा, शैली छ, जसलाई सबै जातजातिका साक्षर नेपालीले लय हालेर पढ्न सके र विश्वको प्रथम खण्डकाव्यमा रहेको विषयवस्तुको रसास्वादन गर्न पाए। साक्षरले पढेका श्लोकलाई निरक्षर नेपालीले पनि सुनेर कान र मनलाई आनन्दमय बनाए, धर्म–संस्कृति चिने। आचार्यभन्दा पहिले पनि नेपालीमा लेख्ने कविहरू भएकाले उनलाई नै किन 'आदिकवि' मान्ने भन्ने बहस पनि नेपाली साहित्यमा छ।

अरूले काव्यलेखनमा संस्कृत, हिन्दी, उर्दू आदि मिसमास गर्थे भने भानुभक्तले बहुशब्दहरू नेपाली नै प्रयोग गरे अर्थात् त्यसलाई नेपाली शैलीमा चलाखीपूर्ण ढाले। भारतलाई चिनाउने विश्वकवि रवीन्द्रनाथ ठाकुर जस्तै नेपाललाई विश्वभर चिनाउन सक्ने भानुभक्त आचार्य नै हुन् भन्ने तत्कालीन राणाशासकहरूलाई लागेको पनि हुन सक्छ। नेपालका सबै भाषा राष्ट्रिय भाषा भएकाले अब नेपाली भाषालाई मात्र विशेष महत्त्व दिन मिल्दैन।

नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुन्। देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको कामकाजको भाषा र नेपालीहरूबीचको सम्पर्क भाषा पनि हो। तथापि संविधानले प्रदेशहरूमा भने बहुसङ्ख्यक बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषा प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा निर्धारण हुन सक्ने जनाएको छ। सोहीअनुरूप बाग्मती प्रदेश सरकारले कानून नै ल्याएर तामाङ र नेपाल भाषालाई कामकाजका भाषाका रूपमा निर्धारण गरी यसै साल गत वैशाख २४ गते नेवारी वा नेपाल भाषालाई भव्य उद्घाटनबीच आधिकारिकरूपमा प्रयोगमा ल्याइसकेको छ।

यसैगरी, सबै प्रदेशमा बहुसङ्ख्यकले बोल्ने भाषालाई सरकारी कामकाजका भाषाका रूपमा ल्याउन सके भाषाहरूको स्तरीकरण, प्रवर्द्धन गर्न सहयोग पुग्नेछ। यसरी नै हरेक प्रदेशमा बोलिने लोप हुन लागेका मातृभाषाहरूको संरक्षण र विकासका लागि सम्बन्धित भाषाको कोश, व्याकरण आदि निर्माण प्रक्रियालाई गति दिन सक्नुपर्छ। सञ्चारमाध्यमहरूले पनि आफ्ना सेवामा विविधता दिनका लागि नेपाली र अङ्ग्रेजी भाषाका अतिरिक्त मातृभाषामा पनि समाचार र कार्यक्रम निर्माण गर्नुपर्छ। राज्यको स्वामित्वमा रहेका गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजनले त्यस दिशामा कदम चालिसकेका छन् र हरेक आर्थिक वर्षमा आफूले प्रवर्द्धन गर्ने मातृभाषाहरू विस्तार गर्दै लगिनुपर्छ। त्यसका लागि सङ्घीय र प्रादेशिक सरकार तथा स्थानीय तहले समन्वय गरी बजेट पनि विनियोजन गर्नुपर्छ।

कुनै पनि भाषा मानव सभ्यताकै एक प्रमुख अङ्ग हो, जसको जन्म, हुर्काइ र विकासका लागि हजार वर्ष लाग्न सक्छ। त्यसैले हरेक भाषा मर्न नदिन केन्द्र र प्रदेश सरकार तथा स्थानीय तह संयुक्तरूपमा लाग्नुपर्छ। यसमा सम्बन्धित भाषामा काम गरिरहेका सङ्घसंस्थालाई समेटिनुपर्छ। नेपालका सबै भाषाले फल्नफुल्न पाउनुपर्छ, तिनको अस्तित्व जोगाउनुपर्छ र सबैको प्रवर्द्धन पनि हुनु जरुरी छ।

भानुभक्तका पूर्वज र भानुभक्तले शुरू गरेको नेपाली भाषाको प्रयोगको अवस्था अहिले एकरूपता, स्तरीकरण र मानकीकरणको विवादसम्म आइपुगेको छ। व्यक्तिपिच्छे, संस्थापिच्छे यसको प्रयोगमा अनेकता व्याप्त छ। बालबालिका र विद्यालयदेखि विश्वविद्यालयहरूमा वर्ण र वर्णविन्यास लेखनमा आएको विभिन्नता र विविधताले सबैलाई पिरोलेको छ। भाषाविद्, वैयाकरण र प्रयोक्ताबीच यस सम्बन्धमा अहंसमेत जोडिएर आएको छ। भाषा विवादको कुरा सङ्घीय सरकार र अदालतसम्म पुगेको अवस्था रह्यो।

सर्वोच्च अदालतले भाषाको प्रयोगमा सरकारी संस्थाहरूले आदेश दिएर दबाब दिने र लाद्न नमिल्ने भनी फैसला नै गर्नुपर्‍यो। अब अदालतको आदेश अनुसार सरकारी सङ्घसंस्था, भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, त्रिविलगायत विश्वविद्यालय, साझा प्रकाशन, पाठ्यक्रम विकास केन्द्रलगायतले भाषाको स्तरीकरणका लागि भाषाविद्, वैयाकरण, सञ्चारमाध्यमलगायत प्रयोक्ता आदिको सहभागितामा छलफल, बहस, गोष्ठी, सम्मेलन आयोजना गरेर भाषा, व्याकरण, वर्णविन्यासका सम्बन्धमा एउटा निर्णयमा पुग्नु जरुरी छ।

यिनको जन्ममिति १८६९ भनिनेदेखि 'भर्जन्म घाँसतिर मन दिई धन कमायो...मो भानुभक्त धनी भैकन आज यस्तो' कवितामा प्रयुक्त 'मो' युवककवि मोतीराम भट्ट, जसले 'भानुभक्तको जीवनी' लेखी प्रकाशनमा ल्याए, को सम्म भनेर विवाद पनि भयो। 'बधूशिक्षा' लाई आधुनिक समालोचकले तल्लोस्तरको भनी टिप्पणी पनि गरे। छोरा

(बाँकी दोस्रो पातामा)

# त्रिशूलीमा गाडीसहित बेपत्ता तीनको शव फेला



खोज तथा उद्धारमा खटिएका सुरक्षाकर्मीः चितवनको भरतपुर महानगरपालिका–२९ सिमलतालको पहिरोका कारण बेपत्ता दुई बस र यात्रुको खोजीका लागि शनिवार त्रिशूली नदीमा खटिएका सुरक्षाकर्मी। तस्बिरः कृष्ण आचार्य/रासस

चितवन, २९ असार/रासस

नारायणगढ–मुग्लिन सडकखण्ड अन्तर्गत भरतपुर महानगरपालिका–२९ सिमलतालमा पहिराले बगाएका बसका बेपत्ता यात्रीमध्ये तीनजनाको शव भेटिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार तीनमध्ये दुईजनाको पहिचान खुलेको छ।

पहिचान खुल्नेमा सर्लाही बरहथवा नगरपालिका–३ का १९ वर्षीय रमितकुशर माझी र भारतको बिहार सीतामढी बर्गनिया जमुहवाका २८ वर्षीय ऋषि पल साह रहेका छन्। साहको शव आज बिहान ११ बजे भेटिएको हो भने माझीको शव आज साँझ भेटिएको हो। माझीका बुबा रवीन्द्रकिशोर माझीले छोराको शव सनाखत गरेका हुन् भने साहका दाजुले सनाखत गरेको चितवन जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उनीहरू काठमाडौंबाट गौर जान आउँदै गरेको बाग्मती प्रदेश०३–००१ख २४९५ नम्बरको बसमा सवार रहेका थिए। उनीहरूको शव अहिले भरतपुर अस्पतालमा राखिएको छ।

आइतवार पनि बिहान ७ बजेदेखि खोजी पुनः शुरू गरिने प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। उनका अनुसार आइतवार गृहसचिवसहितका सुरक्षा निकाय प्रमुखहरूले घटनास्थलको निरीक्षण गर्ने कार्यक्रम छ।

शुक्रवार काठमाडौंबाट गौर जान आउँदै गरेको बाग्मती प्रदेश०३–००१ख २४९५ नम्बरको बस र वीरगंजबाट काठमाडौं जाँदै गरेको बाग्मती प्रदेश ०३–००६ख १५१६ नम्बरको बस भरतपुर महानगरपालिका–२९ सिमलतालमा पहिरामा परी त्रिशूलीमा खसेका थिए। काठमाडौंबाट गौर जान आउँदै गरेको बसमा सवार २७ जना र वीरगंजबाट काठमाडौं जाँदै गरेको बसमा सवार २४ जना सवार थिए।


## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## गण्डकी प्रदेशका १७८ खेलाडी पुरस्कृत

कास्की, २९ असार/रासस

गण्डकी प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रियस्तरका विभिन्न खेलकूद प्रतियोगिताका विजेतालाई शनिवार नगदसहित पुरस्कृत गरिएको छ। प्रदेश खेलकूद परिषद्ले यहाँबाट सहभागिता जनाएर विभिन्न प्रतियोगितामा स्वर्ण, रजत र कांस्य



पदक तथा प्रथम, द्वितीय र तृतीय बनेका प्रदेशका १७८ खेलाडीलाई पुरस्कृत गरेको हो।

चालू आर्थिक वर्षमा आयोजना गरिएको बाग्मती प्रदेशस्तरीय प्रतियोगिता, १४औं राष्ट्रपति रनिङ शिल्ड र यू–१५ विद्यालयस्तरीय राष्ट्रिय खेलकूद प्रतियोगिताका विजेता खेलाडीले पुरस्कार पाएका हुन्।

खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री एवं प्रदेश खेलकूद परिषद्का संरक्षक सुरेन्द्रराज पाण्डे, सामाजिक विकास तथा स्वास्थ्यमन्त्री बिन्दुकुमार थापा, प्रदेश खेलकूद परिषद्का उपाध्यक्ष धोजकुमार गुरुङ, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेल र सदस्यसचिव श्रीधर शर्मालगायतले खेलाडीलाई पुरस्कार वितरण तथा सम्मान गरे।

पुरस्कृत हुने खेलाडीमध्ये 'व्यक्तिगत इभेन्ट'तर्फ स्वर्ण, रजत र कांस्य पदक विजेतालाई क्रमशः नगद रु सात हजार, पाँच हजार र रु तीन हजारका दरले पुरस्कृत गरिएको हो। यसैगरी 'टीम गेम्स'तर्फका विजेता खेलाडीलाई क्रमशः रु पाँच हजार, रु तीन हजार र रु दुई हजार प्रदान गरिएको थियो।

त्यस अवसरमा मुख्यमन्त्री पाण्डेले प्रदेश सरकार खेलकूद विकासका लागि लगानी बढाउन प्रतिबद्ध रहेको बताए। "सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खेलकूदको जग बलियो बनाउन गण्डकी प्रदेश सरकार अघि बढेको छ, खेलकूदमा अधिकतम लगानी गर्दै खेलाडीलाई प्रोत्साहन गर्न हामी प्रतिबद्ध छौं," उनले भने, "खेलकूद क्षेत्रबाट अझै पनि जीविकोपार्जनका विषयमा थुप्रै प्रश्न छन्। खेलाडीले खेल खेलेर जीवन धान्ने अवस्था बनाउन सबैको प्रयत्न आवश्यक छ, यसमा प्रदेश सरकारले योगदान गर्छ।"

सामाजिक तथा स्वास्थ्यमन्त्री थापाले खेलकूदमा भविष्य छ भन्ने सुनिश्चित गर्न तीनै तहका सरकार खेलकूद विकासमा अघि बढेको बताए। "खेलकूद अनुशासित क्षेत्र हो। यसले सौहार्दताका साथै राष्ट्रको गरिमा बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। मन्त्रालय खेलाडीहरूको मनोबल बढाउन र खेल क्षेत्रको विकासका लागि थप प्रतिबद्ध भएर लाग्नेछ," उनले भने।

# सद्भावना पार्टीको सातौं अधिवेशन वीरगंजमा

प्रस, वीरगंज, २९ असार/

नेपाल सद्भावना पार्टीको सातौं राष्ट्रिय अधिवेशन वीरगंजमा हुने भएको छ। पार्टीको शनिवार वीरगंजमा सम्पन्न केन्द्रीय सचिवालय बैठकले सातौं राष्ट्रिय अधिवेशन वीरगंजमा गर्ने निर्णय गरेको हो।

राष्ट्रिय अधिवेशनलाई सफल बनाउन समितिले नेता, कार्यकर्तालाई निर्देशन दिएको छ। केन्द्रीय कार्यसमितिको गत असार १४ गते बसेको बैठकको निर्णय अनुसार मङ्सिर १, २ र ३ गते राष्ट्रिय अधिवेशन वीरगंजमा गर्ने निर्णय भएको हो।

केन्द्रीय सचिवालयको बैठकले महाधिवेशन तयारी समितिको संयोजकमा रामचन्द्र कुशवाहा, सहसंयोजक गोविन्द चौधरी र राजकुमार महतो, सदस्यहरूमा पवनकुमार साह, रामबाबू सिंह, शहजाद मिकरानी, सुरेन्द्रकुमार पटेल, श्रीवती भेडिहर, फुलप्रस देवीलगायत नौ सदस्यीय कार्यसमिति चयन गरेको छ।

महाधिवेशन आयोजक समितिले विधान मस्यौदा समिति, घोषणापत्र एवं राजनीतिक प्रस्ताव समिति तथा आर्थिक, भोजन, आवास मञ्चको जिम्मेवारी संयोजक रामचन्द्र कुशवाहालाई दिएको छ। बैठकले वर्तमान राजनीतिक परिस्थिति र प्राकृतिक विपद्लाई मध्यनजर गर्दै पीडित परिवारजनलाई उचित राहत एवं क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरेको छ। साथै दैवी प्रकोपसँग लड्न सरकारलाई पूर्वतयारी गर्नसमेत माग गरेको छ।

# जीतपुरमा ७० जनाद्वारा रक्तदान

प्रस, जीतपुर, २९ असार/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुर बजारको खेलमैदानमा आयोजित रक्तदान कार्यक्रममा ७० जनाले रक्तदान गरेका छन्। शान्ति युवा विकास मञ्च जीतपुरको आयोजनामा भएको रक्तदान कार्यक्रममा पाँचजना महिला र ६५ जना पुरुष गरी ७० जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजले जनाएको छ। केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा पवनकुमार कुशवाहा, श्याम मुखिया, बलिराम ठाकुर, सुरज साह, दिनेश सर्राफलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

# युवकको शङ्कास्पद मृत्यु

प्रमोद यादव, पंचगावाँ, २९ असार/

पर्साको पटेर्वासुगौली गाउँपालिका–४ सुगौली निवासी एक युवकको हिजो शुक्रवार जनकपुरमा शङ्कास्पद मृत्यु भएको छ।

मधेस प्रदेशको राजधानी जनकपुरमा रोजगार गर्दै आएका देवराज दास थारूका २१ वर्षीय छोरा दिलीप दास थारूको नहरमा डुबेर मृत्यु भएको खबर परिवारलाई प्राप्त भएको छ। हिजो दिउँसो ३ बजे जनकपुरधाम उमनपा–२३ सीताशरण होटलपछाडि रहेको नहरमा डुबेर दास बेपत्ता भएका थिए भने उनको शवको खोजी भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले दास यही नहरमा डुबेको दाबी गरेको छ। तर शव अहिलेसम्म बरामद भएको छैन।

# छात्रवृत्ति वितरण

प्रमोद यादव, पंचगावाँ, २९ असार/

पटेर्वासुगौली गाउँपालिका–५ मा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालय मनिहर्वाले छात्रवृत्ति वितरण गरेको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हरिराजप्रसाद यादवले गाउँपालिका कार्यालयबाट ६० हजार रकम वितरण गरिएको जानकारी दिए। जनही रु चार सयको दरले १५० जना विद्यार्थीलाई रकम वितरण गरिएको थियो। त्यसैगरी, अभिभावक सङ्घका अध्यक्ष रामबाबू यादवको सहभागितामा प्रत्येक विद्यार्थीलाई पोशाक वितरण गरिएको थियो। कार्यक्रममा वडा सदस्य मदन मिश्र, पारस साह, शिक्षक, अभिभावक, विद्यार्थीलगायतको सहभागिता थियो।

# मानव अधिकार अवस्थाबारे अन्तर्क्रिया

प्रस, बारा, २९ असार/

मानव अधिकार एलायन्स बाराले "बारामा मानव अधिकारको अवस्था"



विषयक अन्तर्क्रिया सम्पन्न गरेको छ। बाराको निजगढस्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्थाको सभाहलमा 'बारामा मानव अधिकारको अवस्था' विषयक अन्तर्क्रिया सम्पन्न भएको हो।

संस्थाले २५औं स्थापना दिवसको अवसर पारेर कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा सहभागीहरूले बारामा मानव अधिकार हननका घटना व्यापक बढेको बताए।

पछिल्लो समय यस जिल्लाको सदरमुकामनजीकै भएको हत्याका घटनाका साथै अन्य हिंसाका घटना भएको आधारमा सहभागीहरूले बारामा मानव अधिकार हननका घटना भएको बताएका थिए।

मानव अधिकार एलायन्स बाराका अध्यक्ष अनिल तिवारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमाले मधेस प्रदेशका सचिव मनोज पौडेल, नेकपा एमालेका केन्द्रीय सदस्य बलवीर चौधरी, मानव अधिकार एलायन्सका केन्द्रीय सदस्य कृष्ण लामा, एमाले नेत्री टीना सुवेदीलगायतको सहभागिता थियो। कार्यक्रममा श्रीराम साहले सहजीकरण र स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष तीर्थराज गौतमले गरेका थिए।